**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले तीस करोड़ रूमपयाँका विभिन्न विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ।
- सूचना तथा प्रसारण मंत्रालयले स्थानीय कलाकार र सामाग्री सृजनकर्ताहरूलाई दूरदर्शन तथा आकाशवाणी केन्द्रहरूसित जोड़ने कुरामाथि जोर दिएको छ।
- आज देशभरी हिन्दी दिवस पालन गरिन्दैछ। नेपालका राष्ट्रपति रामचन्द्र पौड़यालयले ५ मार्च २०२६ को दिन सम्पन्न हुने आम चुनावमा सबै पक्षहरूलाइ सहयोग गर्ने अपील गर्नुभएको छ।
- मौसम विभागले आज पश्चिम बंगालत्र सिक्किम सहित पूर्वोतर राज्यहरूमा ठूलो वर्षाको पूर्वानुमान व्रूक्त गरेको छ।
- एशिया कप क्रिकेटमा आज भारत र पाकिस्तान बीचव म्याच खेलिनेछ।

**<u>प्रधानमंत्री असम दौरा</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज असममा 18 हजार पांच सय तीस करोड़ रुपियाका प्रमुख ढांचागत र औद्योगिक विकास परियोजनाहरूको उद्घाटन अनि शिलान्यास गर्नु हुनेछ। पहिलो कार्यक्रम दरांगमा हुने छ, जहां श्री मोदीले कैन परियोजनाहरूको आधारशिला राख्नु हुनेछ। यसमा- दरांग मेडिकल कॉलेज र अस्पताल तथा जी.एन.एम. स्कूल र बी.एस.सी. नर्सिंग कॉलेज परियोजना तथा यस क्षेत्रमा चिकित्सा शिक्षा र स्वास्थ्य हेरचार सुविधाहरू शामेल छन्। राजधानी गुवाहाटीमा यातायात सुविधा बढ़ाउने, भीड़भाड़ कम गर्ने सम्पर्क मार्गमा सुधार गर्नका लागि गुवाहाटी रिंग रोड़ परियोजनाको आधारशिला पनि श्री मोदीले राख्नु हुने छ। यस उपरान्त, ब्रह्मपुत्र नदीमाथि कुरुवा-नरेंगी पुलको पनि शिलान्यास गर्नु हुनेछ। यसले, यस क्षेत्रमा सम्पर्क बढ्नेछ अनि सामाजिक आर्थिक विकासलाई प्रोत्साहन मिल्नेछन्।

त्यस पछि प्रधानमंत्रीले गोलाघाटमा नुमालीगढ़ रिफाइनरी संयंत्रमा असम बॉयो-एथोनॉल प्राइवेट लिमिटेडको शुभारम्भ गर्नु हुनेछ। यसको उद्देश्य स्वच्छ ऊर्जालाई बढ़ावा दिनु र जीवाश्म ईंधनमाथि निर्भरतालाई कम गर्नु हो। श्री मोदीले नुमालीगढ़ रिफाइनरी लिमिटेडमा पॉलीप्रोपलीन संयंत्रको आधारशिला पनि राख्नु हुनेछ। यसले, असमको पैट्रो रसायन क्षेत्रको महत्व बढ़ेर जानेछ। यसले, रोजगारको अवसर उत्पन्न हुनेछ, यस क्षेत्रको समग्र सामाजिक आर्थिक विकास हुने छ।

प्रधानमंत्री मोदीले हिजो बेलुकि गुवाहाटीमा भारत रत्नले सम्मानित र ख्याति प्राप्त गायक तथा संगीतकार डॉक्टर भूपेन हजारिकाको सैयौं जयंती समारोहमा भाग लिनु भयो। यस अवसरमार उहाँले भन्नु भयो - भूपेन हजारिकाको गीत भारतलाई एकताको धागोमा बाँधी रहने छ साथै मानिसहरूलाई ऊर्जा प्रदान गरि रहने छ। प्रधानमंत्रीले अझ भन्नु भयो - श्री हजारिकाका रचनाहरू एक भारत श्रेष्ठ भारतको विचारधारा अनुकूल छन्। उहाँले भन्नु भयो भूपेन-दाको आदर्श र अनुभव उहाँको गीतहरूमा समायोजित छन्। प्रधानमंत्रीले भन्नु भयो - भूपेन-दाको संगीतले भारत माता प्रति गहिरो प्रेम र एक भारत श्रेष्ठ भारतको विचारधारा प्रति उहाँको प्रतिबद्धतालाई प्रदर्शित गर्द छ। उहाँले यो पनि भन्नु भयो कि भूपेन हजारिकाको आवाजले यस क्षेत्रमा हिसंक घटनाहरूको बेला पूर्वोत्तर क्षेत्रलाई एकजुट रहने संदेश दियो। प्रधानमंत्रीले अझ भन्नु भयो - श्री हजारिका समग्र राष्ट्रमा विशेषगरि पूर्वोत्तर क्षेत्रका लागि एक सम्मानीय व्यक्तित्व थिए। श्री मोदीले देशको विकासमा यस क्षेत्रको महत्व तथा सांस्कृतिक संबंधहरूको पनि उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो रेल तथा सड़क सम्पर्क कुनै पनि देशको आर्थिक विकासका लागि आवश्यक हुन्छ, तर सांस्कृतिक सम्पर्क देशको एकताका लागि आवश्यक छ। प्रधानमंत्रीले भन्नु भयो - पूर्वोत्तरको प्रगति बिना

देशको विकासको कल्पना गर्न सकिन्दैन। उहाँले भन्नु भयो सारा देश पूर्वोत्तरको इतिहास र विरासतको पहिचान गरि रहेको छ अनि केन्द्र सरकारले सांस्कृतिक सम्पर्क स्थापित गर्ने दिशामा जोर दी रहेको छ।

प्रधानमंत्रीले यस अवसरमार सैय रुपियाँको स्मारक सिक्का पनि जारी गर्नु भयो तथा 21 भाषाहरूमा भूपेन हजारिकाको जीवनीको विमोचन गर्नु भयो।

**<u>सचिव, सूचना तथा प्रसारण</u>**

सूचना तथा प्रसारण मन्त्रालयका सचिव, संजय जाजुले क्षेत्रीय तथा स्थानीय सामग्री र राजस्व उत्पादनको उद्देश्यका लागि स्थानीय कलाकार र सामग्री सिर्जनाकर्ताहरूलाई दूरदर्शन र आकाशवाणी केन्द्रहरूसँग जोड्न जोड दिनुभयो।

आकाशवाणी रेडियो लखनउ कार्यालयमा मन्त्रालयका विभिन्न मिडिया एकाइहरूको कार्यसम्पादनको समीक्षा गर्दै, श्री जाजुले भन्नुभयो सूचना तथा प्रसारण मन्त्रालयका एकाइहरू सरकारको अनुहार हुन् किनकि तिनीहरू सामान्य नागरिकसँग मात्र जोडिएका छैनन् तर देशका दुर्गम क्षेत्रहरूमा पनि गहिरो उपस्थिति राख्छन्। एकाइहरूको कार्यसम्पादनको नियमित विश्लेषणमा जोड दिँदै, वहाँले भन्नुभयो मन्त्रालयले देशका दूरदर्शन र आकाशवाणी केन्द्रहरूलाई नाफा केन्द्रको रूपमा रूपान्तरण गर्न प्रयासरत छ र यो प्रक्रिया विभिन्न एकाइहरूका क्षेत्रीय प्रभारीहरूलाई अधिकार प्रत्यायोजन गरेर सुरु भएको छ।

वेभ्स ओटीटी प्लेटफर्मका नयाँ सुविधाहरूको बारेमा कुरा गर्दै, श्री जाजुले भने कि भिडियो अपलोडिङ खण्डसँगै वेभ्समा चाँडै धेरै नयाँ सुविधाहरू थपिनेछन्।

**<u>हिन्दी दिवस-शाह</u>**

आज देशभरी हिन्दी दिवस मनाइँदैछ। १९४९ मा यसै दिन संविधान सभाले देवनागरी लिपिमा लेखिएको हिन्दीलाई देशको आधिकारिक भाषाको रूपमा अपनाएको थियो। आज, हिन्दी विश्वमा व्यापक रूपमा बोलिने भाषाहरू मध्ये एक हो र ५२ करोडभन्दा बढी मानिसहरूको पहिलो भाषा हो।

यस अवसरमा, केन्द्रीय गृहमन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा पाँचौं अखिल भारतीय राजभाषा सम्मेलनको उद्घाटन गर्नु हुनेछ । यस अवसरमा गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेल पनि उपस्थित हुनुहुनेछ

**<u>नड्डा-एम्स दिशा</u>**

केंद्रीय स्वास्थ्य मंत्री जेपी नड्डाले एआई अनि आईओटी आधारित इनडोर नेविगेशन मोबाइल ऐप **एम्स दिशा** लॉन्च गर्नु भएको छ । यो ऐपले बिमारीहरु ,आगंतुकहरू अनि अस्पताल स्टाफका लागि सहज, त्वरित अनि तनावमुक्त मार्गदर्शन सुनिश्चित गर्नेछ।यसबाट उपचारका लागि आउने रोगीहरुलाई ओपीडी, लैब, फार्मेसी, सेंटर सहित अन्य ठाउँहरु खोजन भटकनु पर्दैन |

**<u>वैष्णोदेवी यात्रा स्थगित</u>**

जम्मू कश्मीरको रियासी जिल्लामा निरन्तर वर्षाका कारण आजदेखि सुरु हुने श्री माता वैष्णोदेवी तीर्थयात्रा अर्को आदेश नभएसम्मका लागि स्थगित गरिएको छ। तीर्थयात्रीहरूको सुरक्षालाई ध्यानमा राख्दै तीर्थयात्रा बोर्डले यो निर्णय गरेको हो। वास्तवमा, २४ अगस्टमा पहिरो गएपछि यात्रा स्थगित गरिएको थियो। पहिरो घटनामा ३५ तीर्थयात्रीको मृत्यु पनि भएको थियो।

**<u>राष्ट्रपति रामचन्द्र पौडेल- अपील</u>**

राष्ट्रपति रामचन्द्र पौडेलले ५ मार्च २०२६ मा हुने प्रतिनिधि सभा निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सबै दललाई सहयोग गर्न अपील गर्नुभएको छ। राष्ट्रपति पौडेलले जनतालाई सन्तुष्ट पार्न सावधानीपूर्वक योजना बनाई प्राप्त अवसरको सदुपयोग गर्न र संयम कायम राख्दै मितिमा तोकिएको निर्वाचन सम्पन्न गर्न सबै दललाई आग्रह गर्नुभएको छ।

शनिबार एक विज्ञप्ति जारी गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले देशको अत्यन्तै कठिन परिस्थितिमा ठूलो प्रयासपछि शान्तिपूर्ण

समाधान निस्किएकोमा जोड दिनुभयो। संविधान जीवित छ, संसदीय प्रणाली जीवित छ र संघीय लोकतान्त्रिक गणतन्त्र अक्षुण्ण छ भन्दै छ महिना भित्र प्रतिनिधि सभा निर्वाचन सम्पन्न गरेर जनतालाई अझ विकसित लोकतन्त्रतर्फ अगाडि बढ्ने यो अवसर छ भन् उहाँले भन्नु भयो ।

यसैबीच, प्रधानमन्त्री सुशीला कार्कीले आज राष्ट्रिय ट्रामा सेन्टर र निजामती सेवा अस्पताल मीनभवनको भ्रमण गरी हालै जेन- जेड प्रदर्शनका क्रममा घाइते भएका युवाहरूको अवस्था बुझ्नुभएको छ। घाइतेहरूले गतिरोध अन्त्य गर्नका लागि प्रधानमन्त्री कार्कीलाई अनुरोध गर्नुभएको छ र आशा व्यक्त गर्नुभएको छ कि अर्को पुस्ताले फेरि विरोध प्रदर्शन गर्नु नपरोस्। सो अवसरमा प्रधानमन्त्री कार्कीले देशको अवस्थामा परिवर्तन ल्याउन अधिकतम प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। काठमाडौँ उपत्यकासहित देशभर दुई दिने भ्रष्टाचार विरोधी प्रदर्शनमा ५१ जनाको मृत्यु भएको थियो भने हजारौंभन्दा बढी घाइते भएका थिए।

**नेतन्याहू-हमास**

इजराइली प्रधानमंत्री बेंजामिन नेतन्याहूले आज कतरमा रही आएका हमास नेताहरुलाई चेतावनी दिएका छन् अनि यसमाथि युद्धविरामका प्रयासहरुमा बाधा गर्न अनि गाजामा संघर्षलाई लामो खींचने आरोप लगाए। सोशल मीडियामा एउटा पोस्टमा , नेतन्याहूले बताए कि दोहा स्थित हमास पोलित ब्यूरो युद्धलाई  अंतहीन रूपले खींची रहेको छ अनि बंधकहरुको रिहाईमा बाधा दिरहेको छ |

**IMD मौसम**

मौसम विभाग (IMD) ले आज बिहार, उप-हिमालयी पश्चिम बंगाल, अरुणाचल प्रदेश, असम, मेघालय, गोवा र सिक्किमका केही ठाउँहरूमा भारीदेखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। IMD ले भोलिसम्म उत्तराखण्ड, हिमाचल प्रदेश, छत्तीसगढ, आन्ध्र प्रदेश। मध्य प्रदेश, महाराष्ट्र, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, उत्तरी आन्तरिक कर्नाटक, ओडिशा र तेलंगानामा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागका अनुसार जम्मू-कश्मीर, लद्दाख, गिलगिट-बाल्टिस्तान-मुजफ्फराबाद र तेलंगानामा आगामी २-३ दिनमा आँधीबेहरी र चट्याङ पर्ने सम्भावना छ।

**क्रिकेट-एसिया कप**

एसिया कप क्रिकेट प्रतियोगिताको समूह-बी को एक महत्वपूर्ण खेलमा श्रीलंकाले बंगलादेशलाई छ विकेटले पराजित  गरेको छ ।